जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०५, संख्या ११, मकवानपुर, माघ २६ गते, २०७८ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२)
बमोजिम राक्सिराङ्ग गाउँ कार्यापालिकाले बनाएको तल लेखिए
बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३)
बमोजिम सर्व साधारणको जानकारीको लागि
प्रकाशित गरिएको छ।

**राक्सिराङ्ग गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि,२०७८**

**संवत २०७८ को कार्यविधि नं ७३**

खण्ड ०६, संख्या ०५, मकवानपुर, श्रावण १९ गते, २०७९ साल

# राक्सिराङ्ग गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८

**प्रस्तावना**

नेपालको संविधानको अनुसुची ८ मा माध्यमिक स्तर सम्मको शिक्षण सिकाइको संचालन तथा त्यसको नियन्त्रण स्थानीय तहको दायित्व भनी स्पष्ट उल्लेख भएको र शिक्षा ऐन, २०२८ को ११ (ण) मा नेपाल सरकारले निम्न-माध्यमिक शिक्षा र माध्यमिक शिक्षाको लागि विद्यालयमा भर्ना हुने बिद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्ति ब्यबस्था गर्न सक्ने, शिक्षा नियमावली, २०५९ को नियम १५२ मा निःशुल्क शिक्षा उपलब्ध गराउनुपर्ने ब्यबस्था अन्तर्गत सामुदायिक विद्यालयले गरिबीको रेखामुनी रहेको दलित,जनजाती र महिला लगायत अन्य विद्यार्थीलाई निःशुल्क शिक्षाको ब्यबस्था गर्नुपर्ने प्राबधान रहेको साथै स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा ११(ज) विद्यालय शिक्षा  सञ्चालन तथा ब्यबस्थापन गर्ने अधिकार स्थानीय तहलाई भएकोले राक्सिराङ्ग गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सबै विद्यार्थीको शिक्षामा समान पहुँच सुनिश्चित गर्न राक्सिराङ्ग गाउँपालिकाले राक्सिराङ्ग गाउँपालिका अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ बमोजिम राक्सिराङ्ग गाउँपालिका छात्रबृती तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८ जारी गरिएको छ।

# परिच्छेद-१

## प्रारम्भिकः

१.**संक्षिप्त नाम र प्रारम्भः**(क) यस कार्यबिधिको नाम "**राक्सिराङ्ग गाउँपालिकाको छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि, २०७८**" रहेको छ।

(ख) यो कार्यविधि राक्सिराङ्ग गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ ।

२.**परिभाषाः** बिषय या प्रसङगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा :

(क) 'ऐन' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ र शिक्षा ऐन भन्नाले शिक्षा ऐन,२०२८ सम्झनुपर्छ।

(ख) 'गाउँपालिका' भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनु पर्दछ।

(ग) 'वडा' भन्नाले राक्सिराङ्ग गाउँपालिकाको वडा सम्झनु पर्दछ।

(घ) 'विद्यार्थी' भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका विद्यालयमा औपचारिक, अनौपचारिक रुपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिकालाई सम्झनुपर्दछ।

(ङ) 'विद्यालय' भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका प्रचलित कानून बमोजिम स्थापना भई संचालनमा आएका सामुदायिक शैक्षिक संस्थाहरु सम्झिनुपर्दछ ।

(च) 'शिक्षक' भन्नाले राक्सिराङ्ग गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संस्थामा अध्यापन गर्ने अध्यापक सम्झनुपर्दछ।सो शब्दले प्रधानाध्यापक समेतलाइ जनाउँदछ।

(छ) MBBS भन्नाले Bachelor of Medicine and Bachelor of Surgery भन्ने बुझिन्छ ।

(ज) प्राविधिक शिक्षा भन्नाले अनुसूची १ बमोजिमको शिक्षा सम्झिनुपर्दछ ।

## परिच्छेद-२

### उद्देश्यः

३. उद्देश्यः यस कार्यबिधिको उद्देश्य देहाय बमोजिम रहेका छन :

(क) विद्यार्थीहरुको पठनपाठन गर्न पाउने हकलाई सुनिश्चित गर्नु,

(ख) शिक्षामा पहुँच तथा समता सुनिश्चित गर्नु,

(ग) यस गाउँपालिकामा स्थायी बसोबास भएका विद्यार्थीलाई शिक्षामा समान अवसर उपलब्ध गराउनु,

(घ) समाबेशी शिक्षा सुनिश्चित गर्नु,

(ङ) गाउँपालिकामा प्राविधिक शिक्षालाई प्रोत्साहन गर्नु,

(च) गाउँपालिकाद्वारा प्रदान गरिने विभिन्न अनुदान तथा छात्रवृत्ति न्यायोचित रुपले वितरणमा सहयोग पुर्याउनु

## परिच्छेद-३

### ४. छात्रवृत्ति वितरण गर्नु पूर्व अवलम्वन गर्नुपर्ने मापदण्डः

क) राक्सिराङ्ग गाउँपालिकाले विभिन्न छात्रवृत्ती तथा अनुदान रकमहरु वितरण गर्दा तपसिलका कागजात सहित आवेदन संकलनको लागि कम्तीमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजातहरुः

अ) अनुसूची २ बमोजिमको आवेदन फारम,

आ) आवश्यक शैक्षिक प्रमाणपत्रको प्रतिलिपी,

इ) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी नभए जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी,

ई) सम्बन्धित वडाको सिफारिस पत्र,

उ) सम्बन्धित शिक्षण संस्थाको सिफारिस पत्र,

ऊ) दलित छात्रवृत्तिको हकमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनि प्रमाणित गरिएको प्रमाणपत्रको प्रतिलिपी,

ख) एकाघरको परिवारबाट परिच्छेद ४, ५, ६, ७, ८ मध्ये कुनै छात्रवृत्तिको लागि दुई वा दुई भन्दा बढी व्यक्तिहरुबाट आवेदन प्राप्त भएमा अधिकतम तहमा अध्ययनरत कुनै एक जना व्यक्तिलाई मात्र निज व्यक्तिले आवेदन दिएको छात्रवृत्ति उपलब्ध गराइनेछ र एउटै तहमा अध्ययनरत रहेको हकमा शिक्षा समितिको निर्णयानुसार कुनै एक जनालाई मात्रै छात्रवृत्ति उपलब्ध गराईनेछ ।

ग) लाभग्राही प्राथमिकिकरण अनुसूची ३ को मापदण्डको आधारमा गरिनेछ ।

घ) छात्रवृत्ति रकम विद्यार्थी अध्ययनरत शिक्षण संस्था मार्फत प्रदान गरिनेछ ।

## परिच्छेद-४

## दलित उच्च शिक्षा कार्यक्रम

**५. दलित उच्च शिक्षा अध्ययन प्रोत्साहन अनुदान प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् :**

(क) प्रविणता प्रमाण पत्र तह, स्नातक, स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तहमा अध्ययन गरिरहेका दलित विद्यार्थीलाई प्रदान गरिनेछ ।

(ख) बिद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक बिषयहरु बाली, बिज्ञान पशु बिज्ञान, कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, ईलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राबिधिक बिषय लगायत कानुन र बिज्ञान अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

(ग) SEE पछिको डिप्लोमा तहमा ३ बर्षे प्राबिधिक बिषयहरु बाली बिज्ञान, पशु बिज्ञान, कम्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ लगायत कानुन, बिज्ञान जस्ता प्राबिधिक बिषय अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

(घ) SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्रबिधिक बिषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम लिईरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

(ङ) छात्रबृत्ति रकम अनुसुची -४ बमोजिम हुनेछ।

(च) छात्रवृत्ति प्रदान गरिने बिषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको बिषयको हकमा गाउँ शिक्षा समितिको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-५
## प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम

### ६. प्राविधिक शिक्षा छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

(क) यस छात्रवृत्ति अनुसूची १ बमोजिमको विषय तथा SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्राविधिक विषयमा १८ महिने वा

त्यस्तै किसिमका तालिम लिइरहेका विद्यार्थीहरुलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

(ख) बिद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक बिषयहरु बाली, बिज्ञान पशु बिज्ञान, कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, ईलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राबिधिक बिषय लगायत कानून, विज्ञान र होटेल व्यवस्थापन अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

(ख) छात्रबृत्ती रकम अनुसुची-४ बमोजिम हुनेछ ।

(ग) छात्रबृत्ती प्रदान गरिने बिषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको बिषयको हकमा गाउँ शिक्षा समितीको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-६

## वुहारी छात्रवृत्ति कार्यक्रम

### ७. वुहारी छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

क) २० वर्ष उमेर पुरा गरी विवाह गरेका, राक्सिराङ्ग गाउँपालिका भित्र स्थायी बसोबास भएका र आफ्नो अध्ययनलाई निरन्तरता दिईरहेका बुहारीहरुलाई मात्र यो छात्रवृत्ति उपलब्ध गराईनेछ ।

ख) स्नातक, स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तहमा अध्ययन गरिरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

ग) विद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा शिक्षा, कला, र ब्यबस्थापन बिषय लिई अध्ययन गर्ने विद्यार्थीलाई यस छात्रबृती प्रदान गरिने

छैन तर सोहि तहमा शिक्षा बिषय अन्तरर्गत मुख्य बिषय गणित वा बिज्ञान लिई पढिरहेका विद्यार्थीलाई यो छात्रवृत्ति बितरण गर्न बाधा पर्ने छैन ।

घ) बिद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक बिषयहरु बाली, बिज्ञान पशु बिज्ञान, कम्प्युटर ईन्जिनियरिङ, सिभिल ईन्जिनियरिङ, ईलोक्ट्रोनिक्स ईन्जिनियरिङ जस्ता प्राबिधिक बिषय लगायत कानुन र बिज्ञान अध्ययन गरिरहेका बिद्यार्थीहरुलाई प्रदान गरिन्छ ।

ङ) SEE पछिको डिप्लोमा तहमा ३ बर्षे प्राबिधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राबिधिक बिषय अध्ययन गरिरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

च) SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्रबिधिक बिषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम लिईरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

छ) छात्रवृत्ति रकम अनुसुची -४ बमोजिम हुनेछ ।

ज) छात्रवृत्ति प्रदान गरिने बिषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको बिषयको हकमा गाउँ शिक्षा समितीको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-७

## असहाय विपन्न निशुल्क विद्यालय शिक्षा कार्यक्रम

**८. असहाय विपन्न छात्रबृती प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।**

(क) यस गाउँपालिका भित्र स्थाई बसोबास भई बाबु, आमा वा दुबै नभएका तथा बाबु, आमा वा दुबै भएर पनि आर्थिक रुपले बिपन्न भनी एकिन गरी सम्बन्धित वडाले गरेको सिफारिसको आधारमा छात्रवृत्ति उपलब्ध गराईनेछ ।

(ख) छात्रवृत्ति प्राथमिक तहको हकमा आर्थिक, सामाजिक कारणले विद्यालय शिक्षाको पहुँच नपुगेका, बिद्यालय बाहिर रहेका र बिद्यालय भित्र रहेको बाल बालिकालाई प्रदान गर्न सक्ने तथा आधारभूत(कक्षा ६-८) तह वा सो भन्दा माथिल्लो तहको हकमा शिक्षण संस्थामा अध्ययन गरिरहेका बिद्यार्थीलाई यो छात्रबृत्ति प्रदान गरिनेछ ।

(ग) बिद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा शिक्षा, कला र ब्यबस्थापन बिषय लिई अध्ययन गर्ने बिद्यार्थीलाई यस छात्रबृती प्रदान गरिने छैन तर सोहि तहमा शिक्षा बिषय अन्तर्गत मुख्य बिषय गणित वा बिज्ञान लिई पढिरहेका बिद्यार्थीलाई यो छात्रबृत्ति बितरण गर्न बाधा पर्ने छैन ।

(घ) बिद्यालय शिक्षाको माथिल्लो तह कक्षा ११ र १२ मा प्राबिधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राबिधिक बिषय अध्ययन गरिरहेका विद्यार्थीलाई प्रदान गरिनेछ ।

(ङ) SEE पछिको डिप्लोमा तहमा ३ बर्षे प्राबिधिक बिषयहरु बाली बिज्ञान,पशु बिज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, ईलोक्ट्रोनिक्स इन्जिनियरिङ , लगायत कानुन, स्वास्थ, बिज्ञान जस्ता प्राबिधिक बिषय अध्ययन गरिरहेका बिद्यार्थीलाई प्रदान गरिनेछ ।

(च) SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्रबिधिक बिषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम लिईरहेका बिद्यार्थीलाइ प्रदान गरिनेछ।

(छ) छात्रबृत्ति रकम अनुसुची -४ बमोजिम हुनेछ ।

(ज) छात्रबृत्ति प्रदान गरिने बिषय र रकम माथि उल्लेखित बमोजिम हुनेछ तथा नतोकिएको बिषयको हकमा गाउँ शिक्षा समितीको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद-८

## MBBS अध्ययन सहयोग कार्यक्रम

**९. MBBS अध्ययन सहयोग प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।**

(क) प्राप्त दरखास्त मध्ये रित पुगेकोलाई गाउँ शिक्षा समितिको निर्णय बमोजिम छात्रबृत्ति रकम उपलब्ध गराईनेछ ।

(ख) छात्रबृत्ति रकम सम्बन्धित शिक्षण संस्थालाई प्रदान गरिने छ ।

(ग) **MBBS** तहमा अध्ययन गरिरहेका बिद्यार्थीलाई यो छात्रबृत्ति प्रदान गरिनेछ ।

घ) छात्रवृत्ति प्राप्त गर्ने व्यक्तिले अध्ययन समाप्ति पछी गाउँपालिकाले तोकिएको ठाउँमा तोकिएको समयावधिको लागि सेवा प्रदान गर्नु पर्नेछ र सोको लागि छात्रवृत्ति प्राप्त गर्नु पुर्व अनुसूची ५ बमोजिमको प्रतिबद्धता जाहेर गर्नुपर्नेछ ।

## परिच्छेद-९

## चेपाङ छात्रा विद्यालय शिक्षा प्रोत्साहन कार्यक्रम

१०. शिक्षामा सिमान्तकृत समुदायको पहुँच सुनिश्चित गर्ने, बिद्यालय छाड्ने दरमा कमि ल्याउने र यस गाउँपालिकाको समस्याको रुपमा रहेको बाल बिवाहको दरमा समेत कमि ल्याउने उद्देश्यले यस गाउँपालिकाले यस छात्रवृत्तिको ब्यबस्था मिलाएको छ ।

११.चेपाङ छात्रा छात्रवृत्ति प्राप्त गर्ने आधारहरु निम्न बमोजिम हुनेछन् ।

(क) बिद्यालय शिक्षाको माध्यामिक तह कक्षा ९ देखि १२ सम्म अध्ययन गर्ने सर्म्पुण चेपाङ छात्राहरुलाई यो छात्रवृत्ति प्रदान गर्ने

(ख) छात्रबृत्ति रकम प्रति विद्यार्थी प्रति महिना रु ५००/ का दरले एक शैक्षिक सत्रमा अधिकतम १२ महिनाका लागि प्रदान गरिने छ ।

(ग) यो छात्रवृत्ति यस गाउँपालिका भित्र रहेका माध्यामिक तह अध्ययन गर्ने विद्यार्थीले प्राप्त गर्नेछन् ।

(घ) IEMIS मा प्रबिस्ट भएका बुदा नं (क) बमोजिमका छात्राहरुलाई मात्र यो छात्रबृती प्रदान गरिने छ ।

## परिच्छेद- १०

१२. **कार्यविधि संशोधन:** यस कार्यविधिको कुनै पनि दफा तथा उपदफा समय अनुसार संशोधन गर्नुपर्ने आवश्यकता देखिएमा गाउँ कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

## परिच्छेद-११

## विविध

१३. **कार्यविधि लागु हुने:** यस कार्यविधिमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित ऐन कानूनमा स्पष्ट उल्लेख भएको व्यबस्था र प्राबधानहरुको हकमा सोही बमोजिम हुनेछ ।

१४. **खारेजी:** राक्सिराङ्ग गाउँपालिका अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७५ को परिच्छेद-४ को दफा ७ को उपदफा ५ र सो संग सम्बन्धित अनुसूची २ खारेज गरिएको छ ।

## अनुसूची १

## परिच्छेद १ दफा २ को (ज) सँग सम्बन्धित

परिच्छेद ५ बमोजिमको छात्रवृत्ति वितरण गर्ने प्रयोजनको लागि प्राविधिक शिक्षा भन्नाले तपसिल बमोजिमको शिक्षालाई बुझिनेछः

१. इन्जीनियरिङ तर्फः

i. Civil Engineering
ii. Electronic Engineering
iii. Industrial Engineering
iv. Electrical Engineering
v. Computer Engineering
vi. Mechanical Engineering
vii. Outomobile Engineering
viii. Goemetics Engineering
ix. Agricultural Engineering
x. Architecture Engineering
xi. Aerospace Engineering

२. चिकित्साशास्त्र

i. MBBS
ii. Bachelor of Ayurvedic Medicine and Surgery(BAMS)
iii. Bachelor Of Dental Surgery(BDS)
iv. Bachelor Of Public Health(BPH)
v. Bachelor of Science in Medical Laboratory Technology(Sc.MLT)
vi. Bachelor of Science in Medical Imaging Technology(Sc.MIT)
vii. Bachelor in Optometr
vii. Bachelor of Genetic Science in Nursing
viii. Bachelor in Audiology Speech Language Pathology
ix. Bachelor in Pharmacy
x. Bachelor of Nursing Science in Adult Community and Child Psychiatry)

३. वन विज्ञान तर्फ

i. Bachelor of Forestry

४.पशु तथा कृषि विज्ञान तर्फः

i.Bachelor Of Science in Agriculture

ii. Bachelor of Veterinary Science and Animal Husbandry
iii.I.Sc.Ag, 3yrs
iv. Bsc.Ag., 4yrs
v. Msc.Ag., 2yrs
vi. Bvsc. And AH
vii. MvSc

५. विज्ञान तथा प्रविधि तर्फ

i. I.Sc General
ii. B.sc General
iii. M.Sc General
iv. B. Tech(Food)
v. B.Sc. (CSIT)
vi. B.Math.Sc.
v. B.Sc.(nutrition and dietetics)
vi. B.IT

## अनुसूची २
## परिच्छेद ३ को दफा ४ (क) को (अ) सँग सम्बन्धित
## राक्सिराङ्ग गाउँपालिकाको कार्यालय
## चैनपुर मकवानपुर
## दरखास्त आवेदन फारम

१. आवेदकको नामथरः लिङ्गः
२. जन्म मितिः
३. नागरिकता प्र.नं. जारी मितिः जारी जिल्लाः
४. बुवाको नामः आमाको नामः
५. स्थायी ठेगानाः अस्थायी ठेगानाः
६. आवेदकको वैवाहिक स्थितिः विवाह भएको भए विवाह मितिः
७. आवेदकको जातिगत समुहः
क. जनजाति ☐ ख. सिमान्तकृत ☐ ग. दलित ☐ घ. लोपोन्मुख ☐
ङ. अन्य ☐
८. परिवारको जिविकोपार्जनको मुख्य स्रोतः
क. कृषि ☐ ख. व्यापार व्यबसाय☐ ग. परम्परागत पेश☐ घ. नोकरी ☐
ङ. अन्य ☐
९. पारिवारिक स्थितिः
क. परिवारमुली एकल महिला भएको/नभएको ☐
ख. एकाघर परिवारभित्र अपाङ्गता भएको व्यक्ति भएको/नभएको ☐
ग. शहिद परिवार ☐
घ. द्वन्द्व पीडित परिवार ☐
ङ. दलित परिवार ☐
१०. परिवारको वार्षिक आम्दानीः
क. १० हजार भन्दा कम ☐ घ. ३० देखि ४० हजार ☐
ख. १० देखि २० हजार ☐ ङ. ४० हजार भन्दा माथि ☐
ग. २० देखि ३० हजार ☐

११.हाल अध्ययनरत तहः शंकायः मुख्य विषयः
१२. हाल अध्ययनरत शिक्षण संस्थाको नाम र ठेगानाः

१३. सबभन्दा पछिल्लो शैक्षिक योग्यताको कुल प्राप्ताङ्क प्रतिशत/ग्रेड

१४. आवेदन दिन चाहेको छात्रवृत्ति/अनुदान/कार्यक्रमः

(मैले यस आवेदनमा खुलाएका सम्पुर्ण विवरण सत्य छन् ।कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/ बुझाउनेछु।)

| आवेदकको ल्याप्चे सहिछाप | |
|---|---|
| **दायाँ** | **बायाँ** |
| | |

आवेदकको हस्ताक्षरः

मितिः

# अनुसुची ३

## परिच्छेद ४ (ग) सँग सम्बन्धित

## लाभग्राही प्राथमिकिकरण मापदण्ड

**कुल पुर्णाङ्क १०० मानी तपसिलका आधारमा अङ्क प्रदान गरी लाभग्राही प्राथमिकिकरण गरिनेछः**

१. परिवारमुली मुख्य काम गर्ने ब्यक्ति एकल महिला भएमा -२० अंक

२.एकाघर परिवार भित्र अपाङ्ग भएका ब्यक्ती बसेबास गर्ने भएमा -२० अंक

३. जिवनयापनको लागि आधारभुत आवश्यकता परिपुर्ती गर्न पुग्ने आय नभएको विपन्न आय अवस्था भएमा -२० अंक

४. अति सिमान्तकृत जात बिशेष भएमा-५ अंक

५. लाभग्राहिको पछिल्लो शैक्षिक योग्यता प्राप्त लब्धाङ्क -२० अंक

- बिशिष्ट श्रेणी-२० अंक
- प्रथम श्रेणी-१५ अंक
- द्धितीय श्रेणी-१० अंक
- तृतीय श्रेणी-५ अंक

६.शहिद परिवार-५ अंक

७. द्वन्द्व पीडित -५ अंक

८. दलित-५ अंक

## अनुसुची ४

## परिच्छेद ४ (५) ङ, परिच्छेद ५(६) ख, परिच्छेद ६ (७) छ, परिच्छेद ७ (८) छ सँग सम्बन्धित

### छात्रवृत्ति रकम देहायबमोजिम हुनेछ ।

| **शीर्षक** | **अधिकतम छात्रवृत्ति रकम** |
|---|---|
| स्नातक, स्नातकोत्तर वा सो सरह तथा सो भन्दा माथिल्लो तह | १६,०००/ |
| +२ वा SEE पछिको डिप्लोमा तहमा ३ बर्षे प्राबिधिक बिषयहरु | १२,०००/ |
| SEE पछि मान्यता प्राप्त शिक्षण संस्था वा तालिम केन्द्रबाट प्रबिधिक बिषयमा १८ महिने वा त्यस्तै किसिमको तालिम | ८,०००/ |

अनुसूची ५

परिच्छेद ८ को ९(घ) संग सम्बन्धित

## प्रतिबद्धता पत्र

मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका वडा नं............मा स्थायी बसोबास गर्ने .......................................को नाति/नातिनी ............................................तथा .........................................को छोरा/छोरी म निवेदक ..............................................ले ............................................विद्यालयमा ..............................................विषय लिई एम.बि.बि.एस. तहको शिक्षा अध्ययन गरिरहेको साथै आर्थिक रुपमा विपन्न, जेहेन्दार, तथा बाल विवाह नगरेको विद्यार्थी समेत भएकोले तहाँ गाउँपालिकाबाट उपलब्ध हुने एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति प्राप्त गरि अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकाले तोकिएको ठाउँमा ............वर्ष सेवा गर्ने लिखित प्रतिबध्दता जाहेर गर्दछु ।

| | |
|---|---|
| प्रतिबद्धता जाहेर गर्नेकोः<br>नाम थरः<br>दस्तखतः<br>मितिः<br>ठेगानाः<br>औठा छाप :<br><br>दायाँ बायाँ | प्रतिबद्धता जाहेर गर्नेको प्रमुख संरक्षकको :<br>नाम थरः<br>दस्तखतः<br>मितिः<br>ठेगानाः<br>औठा छाप :<br><br>दायाँ बायाँ |

खण्ड ०६, संख्या ०५, मकवानपुर, श्रावण १९ गते, २०७९ साल

# राक्सिराङ्ग गाउँपालिका छात्रवृत्ति तथा प्रोत्साहन अनुदान वितरण कार्यविधि,२०७८

राक्सिराङ्ग गाउँपालिका

बागमति प्रदेश

प्रमाणिकरण मितिः

आज्ञाले

देब चन्द्र गतौंला

प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/मुद्रण रु १५ मात्र ।